# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-३ | अंक-२७ | २०७५ माघ ९ गते बुधबार | 23 January 2019 Wednesday | मूल्य रू. १०/-



कुनै पनि तवरको अन्धविश्वासमा नलागौं । रोग लागेमा स्वास्थ्य केन्द्र जाने बानी बसालौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग


## स्थानीय तहमा न्याय सम्पादन चुनौति बन्दै

**मिसन न्यूज**

**कालिकोट-**जिल्लाका स्थानीय तहमा न्याय सम्पादनमा निकै चुनौति बन्दै गएको छ। जिल्लाका ९ स्थानीय तहमा न्यायिक समितिमा नागरिकले पाउँने न्याय दिनमा चुनौति देखिएको हो। लामो समयसम्म स्थानीय तहले समिति गठनमै अलमल परेपनि पुनः न्यायीक समिति गठन हुँदा पनि सर्वसाधारणले न्यायको अनुभूति गर्न पाएका छैनन्।

न्यायिक समिति गठन गरेर सर्वसाधाणलाई सेवा दिन थाल्नुपर्नेमा जिल्लाका अधिकांस न्यायीक समिति अलमलमै परेका छन्। स्थानीय तहमा आफ्नो अधिकार क्षेत्रभित्रका विभिन्न विवादको निरूपण गर्न गाउँपालिका र नगरपालिकाका उपप्रमुखको संयोजकत्व मा तीन सदस्यीय न्यायिक समिति गठन गर्नुपर्ने संवैधानिक व्यवस्था छ। यसका लागि ऐन र कार्यविधि पनि आइसकेको छ । तर, नगरमा नगरसभा र गाउँपालिकामा गाउँसभाले समिति स्थानीय तहमा न्यायीक समिति गठन गरिएता पनि न्याय सम्पादन निकै चुनौति बनेको छ । न्यायिक समितिले मेलमिलापको माध्यमबाट घरजग्गा मिचेको, सम्बन्धविच्छेद र अंगभंगबाहेक कैद हुन सक्ने कुटपिट, गाली बेइज्जती जस्सा मुद्दा हेर्ने अधिकार छ। त्यस्तै लुटपिट, पशुपक्षी छाडा छाडेको वा अरूलाई असर गरेको, अरूको आवासमा अनधिकृत प्रवेश गरेको, अरूको बाटोमा पानी झारेको, सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनुपर्दा कानुनबमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछाडेको लगायत थुप्रै मुद्दा हेर्ने अधिकार समितिमा छ। तर, अधिकांस पिडितहरु जिल्ला प्रहरीमा आउने गरेका



नरहरीनाथ गणेशपुरका डिल्ली कामी न्याय माग्न जिल्ला प्रहरी कार्यालयमा ।

घरजग्गा भोगचलन गरेको, ध्वनि प्रदुषण वा फोहोरमैला फालेर छिमेकीलाई असर पुर्याएको जस्ता मुद्दा हेर्न सक्छ। साथै वार्षिक २५ लाख रुपैयाँसम्मको बिगो भएको घरबहाल र घरबहाल सुविधा, अन्य व्यक्तिको घरजग्गा वा सम्पत्तिमा पर्ने गरी रूख लगाएको, आफ्नो घर वा बलेसीबाट अर्काको घर सार्वजनिक छन्। यस्ता मुद्दामा कोही अदालत जान चाहेमा समितिले बाधा भने गर्न पाउँदैन। न्यायिक समितिको बहुमतको रायका आधारमा निर्णय हुने र मुद्दा परेको तीन महिनाभित्र टुंगो लगाउनुपर्ने कानुनी व्यवस्था छ। साथै प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरी मुद्दाको

बाँकी ८ पृष्ठमा.....

## ११ महिला स्वयमसेविकालाई बाकस

**मिसन न्यूज**

**कालिकोट -** महिला स्वास्थ्य स्वयमसेविकाको काम कारबाही तथा स्वास्थ्य आमा समुहका गतिविधिको अभिलेख सुरक्षित राख्न महिला स्वास्थ्य स्वयमसेविकालाई बाकस वितरण गरिएको छ । जिल्लाको पचालझरना गाउँपालिका ६, ७, ८ र ९ वडामा कार्यरत ११ जना महिला स्वास्थ्य स्वयमसेविकालाई बाकस वितरण गरिएको हो। नेपाल रेडक्रस सोसाइटीको सहयोगमा स्वास्थ्य स्वयमसेविका तथा आमा समूहका गतिविधिको अभिलेख सुरक्षित राख्नुका साथै स्वास्थ्य शिक्षालाई प्रभावकारी बनाउन विभिन्न सामग्री सहित बाकस वितरण गरिएको स्वास्थ्य चौकी नानिकोटका इन्चार्ज जन्मऋषि न्यौपानेले जानकारी दिए।

उनका अनुसार स्वास्थ्य आमा समूहको बैठक बस्ने रजिस्टर, आर्थिक कारोवार गर्ने रजिष्टर, चटाई, विभिन्न फाइलसहित प्रति व्यक्ति ४ हजार बरबरको सामानसहित बाकस वितरण गरिएको हो। स्वास्थ्य आमा समूहको नियमित बैठक तथा महिला स्वास्थ्य स्वयमसेविकाको सक्रियताले नै टोल टोलमा स्वास्थ्य शिक्षा अभियान प्रभावकारी बनाउन सकिने उनले बताए । नेपाल रेडक्रस कालिकोटका सभापति बलप्रसाद संज्यालले पचालझरना गाउँपालिकाका( ९ वटै वडामा रहेका २६ वटा स्वास्थ्य आमा समूहलाई लक्षित गरी स्वास्थ्य आमा समूहको नियमित बैठक तथा उक्त समूहलाई सक्रिय बनाउनका लागि विभिन्न स्टेसनरी सामानसहित २६ वटा बाकस वितरण गरिएको बताए । उनले गाउँपालिकाकै संरचनामा रहेका स्वास्थ्य आमा समूहको सक्रियता बिना स्वास्थ्य सेवालाई प्रभावकारी एवं नागरिकको पहुँचमा लिन नसकिने बताउँदै यसका लागि सहयोग गरिएको बताए । पचालझरना गाउँपालिका अध्यक्ष

बाँकी ८ पृष्ठमा.....

## कर्णालीमा भारी हिमपात, किसान भने खुसी

**मिसन न्यूज**

**कालिकोट-**हिमपात र अविरल बर्षाले कर्णालीको जनजीवन प्रभावित बनेको छ । कर्णालीका हिमाली जिल्लामा हिमपात भएपचि जनजीवन प्रभावित बनेको हो । सोमवार मध्यरातीबाट हिमपात र बर्षा भएको छ । लामो समयपछि परेको हिमपात र वर्षाका कारण चिसो बढेको छ।

कर्णालीको कालिकोट, जुम्ला, मुगु, हुम्ला, डोल्पालगायतका अन्य जिल्लामा हिमपात र पानी परेको छ। कालिकोटमा हिमपात हुनुका साथै पानी पनि परेको छ। हिमपात र अविरल परेको पानीले बालवालिका, बृद्धबृद्धालाई चिसोले सताएको छ । बालवालिका र



हुम्लाको सिमकोटमा भएको भारी हिमपात ।

बृद्धबृद्धालाइ न्यानो कपडाले सुरक्षित गर्नुपर्ने स्वास्थ्यकर्मीले सुझाव दिएका छन्। हुम्ला मुगु र जुम्लामा पनि भारी हिमपात भएको छ। हिमपातले विभिन्न स्थान र डाँडाकाँडाहरु सेताम्य भएका छन्। हिमपातका कारण जाडो बढ्नुका साथै कर्णालीको जनजीवन कष्टकर बनेको जिल्ला प्रशासन कार्यालय कालिकोटले जनाकारी दिएको छ ।

बाँकी ८ पृष्ठमा..

# वकिलको राजनीति

**अनन्तराज लुइटेल**

नेपाल बार एसोसिएसनले लगभग ७ दशकको इतिहास तय गर्दै गर्दा अबका दिनमा बारको भूमिका के, कानुन व्यवसायीहरूको हितको संरक्षण कसरी गर्ने र कानुनी राज, मानव अधिकार र स्वतन्त्र न्यायालयका विषयमा कानुन व्यवसायीले कसरी भूमिका खेल्ने भन्ने विषयमा गम्भीर चर्चा भइरहेको छ । आगामी चैतमा नेतृत्व परिवर्तनका लागि हुन गइरहेको बार अधिवेशन केन्द्रित वकिलको राजनीतिका केही आयामहरू चर्चायोग्य छन् । वकिलको राजनीति तातिरहेको बेला अधिकांश कानुनविद् राजनीतिक रूपमा ध्रुवीकृत हुन थालेका छन् । र, कुन राजनीतिक पृष्ठभूमिका कानुन व्यवसायीले बारको नेतृत्वको बाजी मार्ने भन्ने ध्याउन्नमा छन् ।

औपचारिक रूपमा उम्मेदवारी चयन नै नभइसके पनि भित्रभित्रै चुनावी सरगर्मी सुरु हुँदा बारको राजनीतिले भुसको आगोको रूप लिइरहेको छ । खासगरी यसले मुलुकको केन्द्रीय राजनीतिमा पार्ने असर, कानुन र न्यायक्षेत्रमा पार्ने प्रभावका कारण पनि यो एउटा महत्वपूर्ण राष्ट्रिय घटना हो तर यसका आन्तरिक विषयवस्तु एवं प्रत्यक्षतः न्यायालयमा हाबी हुँदै गएको अति राजनीतिकरणका विषयमा गम्भीरतापूर्वक सोच्नुपर्ने अवस्था आएको छ । मुलुकको न्यायालय स्वतन्त्र रहेको र त्यसको अवयवका रूपमा रहेका कानुन व्यवसायीहरूको संख्या उल्लेख्य मात्रामा रहँदा समेत कानुनी राज, मानव अधिकार, स्वतन्त्र र सक्षम न्यायालयमाथि पटकपटक गम्भीर प्रश्न उठ्दा यसको जिम्मेवारी कानुन व्यवसायीले लिनुपर्ने/नपर्ने र जनताको न्याय पाउने अधिकारमा कानुन व्यवसायीको कस्तो जिम्मेवारी रहने भन्ने विषयमा गम्भीरतापूर्वक सोच्न ढिला भइसकेको छ । न्यायालय, न्यायाधीश र कानुन व्यवसायीहरू बद्नाम बन्दै गएका, कानुन व्यवसायीको संख्या बढ्दै जाँदा पनि कानुनी राज र न्यायमा पहुँचको सन्दर्भमा उल्लेख्य उपलब्धि हुन नसकेको एवं समाजमा उनीहरूको नैतिकतामा आएको न्यूनीकरणका विषयमा सोच्न ढिला भइसकेको छ । क्युवाको हवानामा १९९० अगस्ट २७ देखि सेप्टेम्बर ७ सम्म सम्पन्न भएको संयुक्त राष्ट्र संघको आठौं महासभाले पारित गरेको कानुन व्यवसायीहरूको आधारभूत सिद्धान्तमा अपराध नियन्त्रण र दोषीले पाउने कानुनी उपचारमा कानुन व्यवसायीहरूको प्रभावकारी भूमिका तय गरिएको थियो ।

त्यस बेलासम्म पारित सम्पूर्ण मानव अधिकारसम्बन्धी अन्तराष्ट्रिय कानुनहरूको प्रभावकारिताका लागि कानुन व्यवसायीहरूको आधारभूत सिद्धान्त जरुरी ठानी यसलाई पारित गरिएको थियो । बितेका तीन दशकमा कानुन र न्यायको क्षेत्रमा ठूलो प्रगति भए पनि आधारभूत रूपमा न्यायालय, न्यायाधीश र कानुनविद्को भूमिकाका विषयमा खासै प्रभावकारिता देखिएको छैन । अर्थात् उनीहरूले समाजका लागि दिने योगदानका विषयमा प्रभावकारिता देखिएको छैन । कानुनविद्हरूको भूमिकालाई राज्यले न्यायको संवाहकका रूपमा मनन गर्दागर्दै पनि कारणवश यसमा कमीकमजोरी देखिएका छन् भने कानुनविद्हरूका बाह्य र आन्तरिक कमजोरीका कारण यो भूमिका सोचे जति प्रभावकारी बन्न सकेको छैन । कानुन व्यवसायीहरूको आधारभूत सिद्धान्तको धारा २४ मा कानुन व्यवसायीलाई आफ्नो व्यावसायिक हित तथा व्यावसायिक शिक्षा तथा तालिमको प्रवर्द्धनका लागि स्वायत्त व्यावसायिक संस्थाको सदस्यता प्राप्त गर्ने र सोमार्फत आफ्नो क्षमतामा अभिवृद्धि गर्न सक्ने अधिकार रहने उल्लेख गरिएको छ । त्यस्तो व्यावसायिक संस्थाको गतिविधि आन्तरिक रूपमा तय हुनुपर्ने र कुनै पनि बाह्य स्थानबाट यसको गतिविधिमा हस्तक्षेप हुन नहुने उल्लेख छ । आधारभूत सिद्धान्तको धारा २५ मा त्यस्तो व्यावसायिक संस्थाले कानुनी सेवाका लागि समान अवसर तथा बाह्य हस्तक्षेपको इन्कारीमार्फत आफ्ना पक्षलाई कानुनी सेवा उपलब्ध गराउनुपर्ने एवं उनीहरूले समेत कानुन एवं सर्वव्यापी व्यावसायिक मान्यता एवं नैतिकताका आधारमा कानुनी सेवा उपलब्ध गराएर सरकारको कानुनी राजको अवधारणामा सहयोग गर्नुपर्ने उल्लेख छ ।

बारको अर्को राजनीतिक दाउपेच मुद्दा बढाउने खेल वा आम्दानी बढाउने खेल हो भन्ने पनि सर्वत्र चर्चामा छ । वास्तवमा हरेक पेसाकर्मीको धर्म आफ्नो काम बढाउने र त्यसबाट आम्दानी बढाउने विषय अस्वाभाविक होइन । खासगरी कानुन व्यवसायीले आफ्नो पक्षलाई कानुनी उपचार दिलाउँदा हरेक कारबाहीको सन्दर्भमा पहुँच राख्ने, फौजदारी न्यायका सन्दर्भमा कानुन व्यवसायीले आफ्नो पक्षलाई उचित रूपमा कानुनी उपचार दिलाउन पाउने, प्रत्येक चरणमा भेट्न र सल्लाह दिन पाउने, सधैं आफ्नो मर्यादा र प्रतिष्ठाको ख्याल गरी आफ्नो पेसागत भूमिका र कर्तव्य निभाउनुपर्ने, आफ्नो भूमिका निर्वाह गर्दा राज्यले कानुन व्यवसायीलाई निजको काममा कतैबाट पनि दखल अन्दाजी गर्न नपाइने पनि आधारभूत सिद्धान्तमा उल्लेख छ । संयुक्त राष्ट्रसंघको सदस्य भएकाले र अन्तराष्ट्रिय रूपमा विकसित न्यायका मान्य सिद्धान्तको अनुसरण गर्नुपर्ने कर्तव्य भएकाले कानुन व्यवसायीका सन्दर्भमा प्रतिपादन भएको यो सिद्धान्तको समेत पालना गर्न र गराउन राज्य एवं यसका संयन्त्रहरू बाध्य छन् भने कानुन व्यवसायीको त आफ्नै आधारभूत सिद्धान्त भएकाले अनुसरण अपरिहार्य नै छ । आधारभूत सिद्धान्तको धारा १६ मा कुनै पनि कानुन व्यवसायीलाई निजको कुनै पनि पक्षलाई कानुनी उपचारको सन्दर्भमा दबाब, प्रभाव वा दुःख दिने काम नगरिने र सरकारी वा प्रशासनिक निकायले समेत निजको कामका सन्दर्भमा कुनै प्रकारको दुःख हैरानी दिन नपाइने एवं निजको पक्षलाई देशभित्र वा बाहिर समेत भेट्न र कानुनी सल्लाह उपलब्ध गराउने सुनिश्चितता प्रदान गरिएको छ । यिनै सिद्धान्तको पृष्ठभूमिमा बनेको संविधानको धारा २० मा समेत कानुन व्यवसायीको अधिकारसहितका न्यायका मान्य सिद्धान्तको सुनिश्चितता गरिएको छ । यसका बाबजुद यदाकदा कानुन व्यवसायीलाई अदालतकै परिसरबाट पक्राउ गरी फसाउन खोजिएका घटना भएका छन् । हालै काठमाडौं जिल्ला अदालत परिसरबाटै अधिवक्ता रामकुमार आचार्यलाई पक्राउ गरी कैदीलाई भगाउन मद्दत गरेको झूठो अभियोगमा प्रहरी परिसर टेकुमा केही घण्टा राखियो भने सो खालका अन्य विभिन्न परिघटनाहरूमार्फत राज्यका निकायहरूले न्यायप्रतिको आधारभूत मान्यताकै खिल्ली उडाइरहेको पाइन्छ । सम्बन्धित बार एकाइ, पदाधिकारी तथा स्वतन्त्र कानुनविद्को चर्को दबाबपछि पक्राउ भएका अधिवक्तालाई केही घण्टा हिरासतमा राखी रिहाइ गरिएको भए पनि यस्तो विषयलाई नेपाल बारले गम्भीर ढंगले उठाएको पाइँदैन ।

कानुनी सहायताका लागि अदालतमा उपस्थित भएकै भरमा तथा आफ्नो पक्षलाई राय सल्लाह दिने क्रममा व्यक्त गरेका कुरालाई लिएर कैदी भगाएको भन्नेसम्मको आक्षेपमा अदालतबाटै कानुन व्यवसायीलाई पक्राउ गर्ने र पक्राउ गर्न अनुमति दिने राज्यका निकायहरूको सोच ताज्जुबलाग्दो छ । यस्ता विषयमा बार केन्द्रित भएको पाइँदैन । कुन राजनीतिक पार्टीको पहुँचमा बारको केन्द्रीय राजनीतिक नेतृत्व हत्याउने, कसरी नियुक्ति दिलाउने र कसरी मुद्दाको संख्या बढाएर आम्दानी बढाउने भन्ने ध्याउन्नमै धेरैजसो कानुनविद् लाग्दा बारको राजनीतिले वास्तविक पेसागत जिम्मेवारी निर्वाह गर्न नसकेको आक्षेप भोग्दै आएको छ । न्यायालयदेखि राजनीतिक पदमा हुने नियुक्तिसम्मलाई केन्द्रित गरेर उम्मेदवारी दिने परिपाटीले न्यायालयलाई मात्रै नभई न्यायकै मर्मलाई कमजोर बनाइरहेको छ । बारमा जितेपछि एक राजनीतिक खुड्किलो पार गरेको ठान्ने र त्यसलाई भर्याङ बनाएर न्यायालय वा सरकारी नियुक्तिमा जाने परिपाटी अहिलेसम्मको बार राजनीतिको अभीष्ट बनेको छ ।

## साताको भाग्यफल

**मेष** : प्रारम्भमा विशेष अवसर प्राप्त भए पनि सहयोगीहरूको भरपर्दा पछि परिनेछ । काम बिग्रने डरले सताउनेछ ।

**वृष** : प्रारम्भमा बौद्धिक क्रियाकलाप र लेखनमा निखारता आउनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काम सम्पादन हुनेछ ।

**मिथुन** : इच्छाशक्ति बढ्नाले लक्ष्य प्राप्त गर्ने साहस जुट्नेछ । मित्रहरूको सहयोगले व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

**कर्कट** : साताभरि आस मारेको काम बन्ने संकेत प्राप्त हुनाले खर्चको जोहो गर्नुपर्ला । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्दा सकारात्मक नतिजा आउनेछ ।

**सिंह** : सुरुमा राम्रो फाइदा भए पनि लाभांश बाहिरिनाले अर्थ अभाव देखा पर्नेछ । चिताएका काम पूरा गर्न कर्जा वा सरसापट लिनुपर्ने हुन सक्छ ।

**कन्या** : सुरुमै हिम्मत गर्न नसक्दा काममा विलम्ब हुनेछ । आफ्नैले पनि धोका दिन सक्छन् । केही विवादास्पद जिम्मेवारीसमेत वहन गर्नुपर्ला ।

**तुला** : अरूका लागि जुट्नुपरे पनि आफ्नै भाग्योन्नति हुनेछ । अनुभव देखाएर उपलब्धि हातपार्ने समय छ ।

**वृश्चिक**: प्रारम्भमा केही झमेला आउन सक्छन् । अस्वस्थताका बीच कामको बोझ बढ्नेछ । तापनि चुनौती पार लगाउन सकिनेछ ।

**धनु** : सुरुमा प्रियजनसँग भेटघाट भए पनि आतिथ्य खर्चिलो हुनेछ । बिनाकारण वादविवादमा परिने योग देखिएकाले व्यवहारमा सजग रहनुहोला ।

**मकर** : प्रारम्भमा प्रतिस्पर्धीहरूले दुस्ख दिए पनि कर्मयोगले फाइदा दिलाउनेछ । खर्च लागे पनि मिहिनेतले विशेष अवसर हात पार्न सकिनेछ ।

**कुम्भ** : आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । आँटले चिताएको काम सम्पादन हुनेछ । अध्ययनतर्फ मिहिनेतको उपलब्धि प्राप्त हुनेछ ।

**मीन** : प्रारम्भमा केही चुनौती देखापरे पनि आफन्तको साथ प्राप्त हुनेछ । ईर्ष्या गर्नेहरूले काममा अवरोध पुऱ्याउलान् ।

# स्कुल 'बंक' गरेर भारी बोक्न बजार पुग्छन्

**विश्वनाथ सिम्खाडा**

**कालिकोट** - जिल्लाको खाडाचक्र नगरपालिका वडा नं २ मान्म गाविसस्थित गैरा गाउँका ११ वर्षीय अलि दर्जि ५ कक्षा पढ्छन् तर उनी धेरै समय भारी बोकेरै बिताउँछन् । भर्ता गाविसको जितेबजारको छहरादेखि लालिघाटसम्म उनले भारी बोक्न थालेको तिन वर्ष भइसक्यो । कलिला यी बालबालिका पढाइ छोडेर भारी बोक्न बाध्य छन् ।

गाहिर गाँउ र शान्नि त्रिवेणि गाँउपालिकास्थित रकु गाविसका प्रावि स्तरका बालबालिका भारी खोज्दै जिते बजारको छहरा धाउने गरेका छन् । उनीहरू विद्यालयमा भन्दा जितेबजारमा नियमित हुने गरेको जितेबजारका व्यापारी देबराज शाही बताउँछन् । गरिबीका कारण १५ वर्षभन्दामुनिका कलिला बालबालिका विद्यालयमा भर्ना भएपनि पढाइभन्दा बढी भारी बोक्नका लागि हानथाप गर्दै घरबाट एक घन्टा टाढा जितेबजारमा पुग्ने गरेका छन् । अधिकांश दलित बालबालिका स्कुल छाडेर भारी बोक्ने गरेका छन् । जितेबजारको छहरामा गाडी नआउँदै बालबालिका बस पार्कमा कुरेर बस्ने गरेका छन् । गाडी रोक्ने बित्तिकै यात्रु, व्यापारी र आयोजनाका फलामे औजार, चामललगायतका खाद्यान्न बोकेर बजारको पुलदेखि एक किलोमिटर टाढाको दुरीमा रहेको लालिघाट पुर्‍याउने काम गर्छन् । उनीहरूले ज्याला बापत प्रतिकिलो सामानको १ रुपैयाँ पाउने गरेको बताए । बुवा आमालाई झुक्याएर बजार-गरिबीका कारण १५ वर्षभन्दामुनिका कलिला बालबालिका विद्यालयमा भर्ना भएपनि पढाइभन्दा बढी भारी बोक्नका लागि हानथाप गर्दै घरबाट एक घन्टा टाढा जितेबजारमा पुग्ने गरेका छन् । शनिबार र शुक्रबार बिहानैदेखि बेलुकासम्म र अरू दिनमा हाफ छुट्टपछि भागेर जितेबजार जाने गरेको जितेबजारका अर्का व्यापारी प्रदिप सुनारले बताए । 'बुवाआमासँग विद्यालय जान्छु भनेर बजारमा जाने पनि छन, उनले भने, 'तर धेरैजसो दैनिक खर्च जुटाउनका लागि भारी बोक्ने गरेका हुन् ।' रकु सेरिज्युलाका ८ मा अध्ययनरत १४ वर्षीय अमिन सार्कीले बुबाआमासँग पैसा माग्दा जितेबजार गएर भारी बोक्न भन्ने गरेको बताए । भारी बोकेरै दिउँसोको खाजा, कापी किताब र स्कुलको शुल्क तिर्ने गरेको



जितेबजारको छहरामा स्कुल छोडेर भारिबोक्न आएका कलिला बालवालीकाहरु ।

बाँकी ४ पृष्ठमा..


## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## स्कुल 'बंक' गरेर भारी बोक्न............

उल्लेख गर्दै उनले भने, जितेबजारले धेरै सजिलो भएको छ ।' एक दिनमा ८/१० जना भन्दा बढी ससाना बालबालिका जितेबजारमा भारी बोक्न पुग्ने गरेका छन् ।

शनिबार र शुक्रबार त्यो संख्या तेब्बर हुने गरेको बस पार्कमा सुरक्षार्थ खटिएका प्रहरीले बताए । 'भारी खोसाखोस र झगडा पनि हुन्छ' ती प्रहरीले भने । प्रहरी चौकी हुल्मका इन्चार्ज मधु श्रेष्ठले गरिबी र खल्ती खर्च जुटाउने रहर दुवै कारणले बालबालिका पढाइ छाडेर भारी बोक्न गएको बताए । उनले भने, 'अभिभावकले पनि आफुसंगै भारी बोक्न ल्याउने गरेका छन् ।' दलित र विपन्न बालबालिकालाई छात्रवृत्ति र अन्य कार्यक्रम लागू गरी भारी बोक्न रोक्नुपर्ने उनले बताए । कलिलो बालवालिकाले पढ्ने उमेरमा भारी बोकेको देख्दा दया लाग्छ र सय पचास रुपैँया दिएर घर फिर्ता पनि गरेका छौँ, फेरि भारि बोक्न आइहल्छन् ।' श्रमको क्षेत्रका आधारमा सबैभन्दा बढी घरेलु कामदारको रुपमा मान्मका होटल तथा रेष्टुरेन्टमा श्रमिक काम गरिरहेको देखाएको छ । बालश्रमको अन्त्य भयो भनेर भाषण मात्र गर्छन, वास्तवमा ग्रामिण क्षेत्रमा अझैपनि बालवालिका श्रमबाट मुक्त नभएको जिल्लाका सरोकारवालाहरुको भनाई छ ।


**पचालझरनाको सन्देश**

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**पचालझरना गाउँपालिका**
**कालिकोट**



**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**कालिकोट**



**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**


# स्वास्थ्य

## खुर्सानी किन खाने ? यस्ता छन ६ फाईदाहरु



हामीले दैनिक सेवन गर्ने खुर्सानीका फाईदाहरु तपाईलाई थाहा नहुन सक्छ। अलि धेरै खायो भने पिरो धेरै नै हुने भन्ने कुरा मात्र थाहा हुन सक्छ । त्यो बाहेक खुर्सानीको बारेमा थाहा नहुन सक्छ । हामीले खुर्सानीलाई साग-तरकारी, दाल लगायत मसला प्रयोग हुने खानाका परिकारहरुमा प्रयोग गर्छौं । हामीले खुर्सानी प्रयोग गर्ने भनेकै यत्ति तरिका मात्र हो ।

कसैकसैले खुर्सानीको कोसा पनि खाना खाने क्रममा खाने गर्छन् । तर हामीले यसको प्रयोग भिन्न तरिबाट गरेर पनि अधिक लाभ लिन सक्छौं । खुर्सानीको महत्व बुझेर यसको प्रयोग गर्ने हो भने यसले ओखतीकै काम गर्छ । हामीले खुर्सानीका केही महत्वपूर्ण फाईदाहरु तल उल्लेख गरेका छौं ।

१. यदि बङ्गारा दुखेको छ भने सफा सिलौटामा मसिनो गरी खुर्सानीमा पानी मिसाई पिँध्ने । त्यसपछि कपडाछान गर्ने । बायाँ बङ्गारो दुखेको भए दाहिने कानमा यसको झोल हाल्ने । खुर्सानी पानीले पोल्यो भने अलिकति घ्यू मनतातो पारेर एक दुई थोपा कानमा हाल्दा सन्चो हुन्छ ।

२. पुरानो खुर्सानीको बोटको जरालाई चन्दन बनाएर मोतीया बिन्दु हुन लागेको आँखामा लगाउदा आराम गर्छ ।

३. एउटा खुर्सानीलाई पानीमा डुवाई त्यसलाई छानेर अलिकति मह मिसाई कुल्ला गरेमा घाँटीको घाउ निको हुन्छ। तर केही बेर भने पोल्न सक्छ ।

४. तीन वटा खुर्सानी, एउटा कागती, तीन मासा बदाम, तीन ग्राम मिश्री र बबुरको गुँद पिध्ने र गोली बनाएर दिनमा दुई-दुई पटक गोली मुखमा राखी चुस्नुपर्छ । बसेको स्वर खुल्छ ।

५. एउटा खुर्सानी पानीमा हाली खुब पिँधि चन्दन जस्तो भएपछि शुल भएको ठाउमा लेप लगाएमा दुख्न छोड्छ ।

६. एउटा खुर्सानीमा पानी हालेर त्यसलाई धेरै नै पिँधेर चन्दन जस्तो लेप तयार पारेपछि मनतातो बनाई दुखेको ठाउँमा लेप गर्दा दुख्न छोड्छ । लेप लगाएको ठाउमा सहन नसक्ने गरी पोल्यो भने १५ मिनेट पछि लेप हटाई पोलेको ठाउमा गाईको घ्यू लगाई लगाउने ।


**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method)
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय**
**कालिकोट**

# कालिकोटमा समुदाय-प्रहरी साझेदारी अभियान प्रभावकारी

**मिसन न्यूज**

**कालिकोट** - जिल्ला प्रहरी कार्यालय कालिकोटले कारागारका कैदीलाई पुस्तक हस्तान्त्रण गरेको छ । समुदाय-प्रहरी साझेदारी अभियान अन्तर्गत प्रहरीले पुस्तक हस्तान्त्रण गरेको हो । कर्णाली प्रदेश प्रहरी कार्यालयले सुरु गरेको समुदाय-प्रहरी साझेदारी अभियान लाई थप प्रभाकारी बनाउन कारागारलाई विभिन्न ज्ञानमुलक पुस्तक हस्तान्त्रण गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रहरी नायव उपरीक्षक बिनोद शर्माको नेतृत्वमा एक उप-समिति गठन गरि समुदाय-प्रहरी साझेदारी अभियान सुरुवात गरिएको थियो । कारागारलाई सुधार गृहका रुपमा विकास गर्ने उद्देश्यले निकट भविष्यमा कारागारमा पुस्तकालय स्थापना गर्ने लक्ष्य राखेर 'कारागारलाई किताव' अभियान सुरु गरिएको प्रहरी नायव उपरीक्षक बिनोद शर्माले बताए । उनले कर्णाली प्रदेशका १० वटै जिल्ला समेट्ने गरी प्रदेशमा यो अभियान संचालन गर्ने जानकारी दिए । उनका अनुसार जिल्लामा गठन भएको उप-समितिले आफ्नो कार्यविधि नै बनाएर काम अगाडि बढाएको छ । पुस्तक संकलनका लागि विभिन्न स्थानिय तह, संघ-संस्था, सहयोगी दाताहरुबाट सहयोग



कारागारका कैदिहरुलाई सामुदायिक प्रहरी किताव संकलन गर्दै ।

संकलन गरी कारागारलाई पुस्तक हस्तान्तरण गरिनेछ । प्रमूख जिल्ला अधिकारी चन्द्रबहादुर कार्की, जिल्ला स्थित क्रियाशील राजनीतिक दल, नागरिक समाजका अगुवा, पत्रकार सहितका सरोकारवालाहरुको सहभागीतामा 'कारागारलाई किताव' अभियान थालिएको हो । 'कारागारलाई किताव' अभियान अर्न्तगत ३ सय थान किताबहरु संकलन भईसकेको डिएसपी शर्माले जानकारी दिए । एक औपचारीक कार्यक्रमको आयोजना गरी 'कारागारलाई किताव' अभियान अन्तरगत १ सय ९५ थान किताबहरु हस्तान्त्रण गएिको छ । पत्रकार पुष्पराज भट्टराईद्धारा १७५ थान उपन्यास, सायित्य, गजल संग्रह, संबिधान लगायतका किताव हस्तान्तरण गरेका छन् । न्यौपाने जनरल स्टोरकी अमृता न्यौपानेद्धारा नयाँ मुलुकी ऐन सहितका बिभिन्न १५ थान किताव कैदीलाई उपलब्ध गराएकी छन् । त्यस्तै नेपाली कांग्रेसका सहसचिव दमनबहादुर शाहीद्धारा बिपी कोईरालाद्धारा लिखित उपन्यास लगायतका ५ वटा किताबहरु हस्तान्त्रण गरिएका छन् । पुस्तक अध्ययन गरौं, सकारात्मक सोचको विकास गरौं भन्ने सोचका साथ 'कारागारलाई किताव' अभियानमा सहयोग गरेको कांग्रेस नेता दमनबहादुर शाहीले बताए ।


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआौं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र भिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## चन्द्रमामा उम्रिएका बिरुवा मरे



**बेइजिङ** -चीनको अन्तरीक्ष अभियानले चन्द्रमामा उमारेको कपासका टुसा रातको चिसो खप्न नसकेर मरेको चिनियाँ वैज्ञानिकहरूले बताएका छन् । चिनियाँ अन्तरीक्ष अभियान चांगीले चन्द्रमाको परको भूभागमा लिएर गएका कपासका बिउ टुसाएको भन्दै बेइजिङले मंगलबार फोटा सार्वजनिक गरेको थियो । यद्यपि चन्द्रमामा पहिलो पटक हासिल भएको जैविक अनुसन्धानको यो उपलब्धी सार्वजनिक गर्दा ती टुसा मरेको जानकारी भने चीनले दिएको थिएन । अन्तर्राष्ट्रिय अन्तरीक्ष स्टेसनमा यसअघि पनि बोटबिरुवा उमार्ने गरिएको भए पनि चन्द्रमामा बिरुवा उमारिएको भने यो पहिलो पटक हो । पहिलो पटक चन्द्रमामा उमारिएका ती बिरुवा रातको चिसोका कारण मरेको बताइएको छ । विशेष किसिमको भाँडोभित्र उमारिएको भए पनि ती बिरुवाले रातको समयमा घटेको तापक्रम खप्न नसकेर मरेको चन्द्रमामा बिरुवा उमार्ने योजना बनाउने एक वैज्ञानिकले चिनियाँ समाचारसंस्था सिन्ह्वालाई बताएका छन् । माइनस एक सय ७३ देखि सयडिग्री सेल्सियससम्म तलमाथि भइरहने चन्द्रमाको सतहको तापक्रम बिरुवा हुर्कनलाई उपयुक्त हुने अवस्थामा कायम राख्नु सबैभन्दा ठूलो चुनौती मानिएको छ । चन्द्रमामा बिउ उमार्ने प्रयोगको नेतृत्व गर्ने एक प्राध्यापकलाई उद्धृत गर्दै साउथ चाइना मर्निङ पोस्टले जनाएअनुसार चन्द्रमामा कपासबाहेक तोरी र आलुका बिउ पनि उमारिएको छ । यो प्रयोगलाई लामो समय लाग्ने अन्तरीक्ष अन्वेषण अभियानका सम्बन्धमा उल्लेखनीय कदम भनिएको छ । चीनको 'चांगी फोर' नामको अन्तरीक्षवाहन पृथ्वीबाट नदेखिने चन्द्रमाको पल्लो भागमा अवतरण गर्ने पहिलो वाहन बनेको थियो ।

# ज्ञानमाला

१)सौर्यमण्डलमा रहेको ८ ओटा ग्रहहरू मध्ये सबैभन्दा कम आफ्नो अक्षमा समय लगाउने ग्रह कुन हो ?
- बृहस्पति[Jupiter]

२)नेपालमा विवाहदर्ता ऐन कहिले देखी लागु भएको हो ?
-वि.सं.२०२८ पौष ०१

३)कुन जातिले माहविर र ठाकुरलाइ आफ्नो कुल देवता मान्दछ ?
-गनगाइ

४)Garden या World भनेर चिनिने युरोपका कति देशलाइ संकेत्त गर्दछ ?
-४ देश,ग्रीस, इटली, स्पेन र फ्रान्से

५)सुर्यवंशी मुलका ८औ पुस्ताका कुन राजाको पालामा लिच्छवि वंश भन्न थालिएको हो ?
-हरि देव

६)उत्तर अमेरिकाका सबैभन्दा ठुलो हिमनदी कुन हो ?
-हवार्ड

७)जेइसस क्राइस्टलाइ कुन ठाउँमा मृत्युदण्ड दिएको थियो ?
-गोलगथा

८)नेपालको पहिलो लिखित संविधानको अध्यक्षता कसले गरेका हुन ?
-प्रकाश गुप्ता

९)"लुम्बिनी विश्वविद्यालय" को स्थापना कहिले भएको हो ?
-वि.सं.२०६०

१०)"मालाविया" मस्जिद कुन देशको चर्चित मस्जिद हो ?
-इराक

११)"मेरो वर्ष अभियान" को सुरुवात कहिले देखी भएको हो ?
-वि.सं.२०७४/०१/०१

१२)पुर्व अमेरिकि राष्ट्रपति जर्ज H.W. वुशको निधन कहिले भएको हो ?
-सन् २०१८ नोभेम्बर ३०

१३) १२ ओटा कोठामा ३६० जना विधार्थी अटाउन सकिन्छ भने २४० जना अटाउन कति ओटा कोठा चाहिन्छ होला
-८ ओटा

१४)रामको पुर्व तिर सिता छ, सिताको पश्चिममा गिता छ र गिताको पश्चिममा कोहि छैन भने रामबाट गिता कुन दिशामा छिन् ?
-पश्चिम

१५)चिकित्साशास्त्रका पिता भनेर कसलाई चिनिन्छ ?
- हिपोक्रिटस


## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

रास्कोट नगरपालिका कार्यालय
कालिकोट

एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥

पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# सन्तानको भविष्य सम्झँदै ओढारमै सुत्छन्

विश्वनाथ सिम्खाडा

**कालिकोट** - कालिकोटको पचालझरना गाँउपालिका वडा नं. ७ निवासी ४५ बर्षीया जयबहादुर ऐडी विगत चार बर्षदेखि अरेडारमा बस्दै आएका छन् । जिविका चलाउन भारी बोक्नुको बिकल्प नहँदा विगत १० बर्षदेखि निरन्तर भारी बोक्ने काम गर्दै आएका ऐडी सन्तानको भविश्यका लागि ओडारमा बसेको बताउँछन् । विगत चार बर्षदेखि जितेबजारको किनारमा रहेको चट्टान भित्रको जोखिमयुक्त ओडारमा बास बस्दै आएका छन् । उनलाई थाह छ होटलमा बस्यो भने धेरै पैसा खर्च हुन्छ । उनी कमाएको पैसा जोगाउनकै लागि ओढारमा बस्छन् आफै पकाउँछन् र खान्छन् । लाग्छ । यो ओढार उनको आफ्नै घर हो । उनको थाप्लोको भारी ७ जना परिवारको भविश्यसँग जोडिएको छ । उनी कहिल्यै नथाक्ने भरियाका रुपमा चिनिन थालेका छन् । जिल्लाको नरहरीनाथ गाँउपालिका र शुभकालिका गाँउपालिकाको सिमानामा पर्ने जितेबजार र लालिघाट बजारमा एक दशकदेखि भारी बोक्दै आएका ऐडीको दिनचरीया भारीसँगै बितिरहेको छ । जिते बजार स्थित कर्णाली नदीमाथि बनेको झुलुंगे पुलमा भारी बिसाएर जानकारी दिए । पुस माघको कठ्यांग्रीदो जाडो होस् या बैशाख जेठको चर्को गर्मी पनि उनी ५० देखी ९० किलोसम्मको भारी बोकेर आफ्नै सुरुमा निरन्तर यात्रा



नानीकोटका जय बहादुर ऐडि कामको शिलशिलामा जितेगडा ओडारमा वास ।

थाकाई मार्दै गरेका एडीले भने, 'मेरो जिन्दगी नै भारीसंग रमाई रहेको छ ।' उनलाई उनका बुबा आमाले स्कुल पठाएनन् । उनलाई थाह छ । छोरा छोरीहरुलाई पनि स्कुल नपठाए आफु जस्तै हुन्छन् । आफुले कष्ट गरेर भएपनि छोराछोरीलाई बिद्यालय पठाएको गरिरहेका छन् । सुसाउदै गरेको कर्णालीको किनार । निर्माणाधिन कर्णाली करिडोरको सडक । जीते बजारको छेउमा चट्टानसँग जोडिएको जोखिमयुक्त ओडार उनका साहारा जस्तै हुन लाथेका छन् अचेल । ४ छोरा एक छोरीका पिता सन्तानलाई सुनौलो भबिश्यक दिन तथा उनीहरुको लालन पालन र शिक्षाका लागि निरन्तर भारी बोक्नुपर्ने बाध्यता छ । विगत चार बर्षदेखि जितेबजारको किनारमा रहेको चट्टान भित्रको जोखिमयुक्त ओडारमा बास बस्दै आएका छन् । उनलाई थाह छ होटलमा बस्यो भने धेरै पैसा खर्च हुन्छ । उनी कमाएको पैसा जोगाउनकै लागि ओढारमा बस्छन् आफै पकाउँछन् र खान्छन् । लाग्छ । यो ओढार उनको आफ्नै घर हो । उनको

**बाँकी ८ पृष्ठमा..**

## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं ।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

# सन्तानको भविष्य सम्झँदै..................

जेठो छोरा बसन्त ऐडी काठमाण्डौमा बिएडमा अध्यायनरत छन् । अन्य छोराछोरी गाँउमै रहेको पंगेलीदेवी मावि नुवाघरमा पढ्दै आएका छन् । भारी बोकेरै महिनामा ४५ हजारसम्म कमाउने गरेको बताए । 'मेरो बाल्यकाल कालापहाड गएरै बित्यो । त्यहाँबाट कमाएर ल्याएको पैसाले परिवारको एक जोर कपडा फेर्न बाहेक अरु केही पुग्दैन थियो ।' आफ्नो बिगत सुनाउदै भने । जतिबेला नुन लिन समेत कैलालीको चिसापानी पुग्नुपर्ने थियो । तर २०६३ सालमा कालिकोट हाट आएपछि यही भारी बोक्न सुरु गरे । उनका गाँउमा धेरै जमीन छैन् । भएको थोरै जमीनमा खडेरी लाग्छ उब्जाउ हुँदैन । परिवारको छाक टार्नकै लागि पनि बजारको चामल थाप्लोमै बोकेर घर पुऱ्याउनु पर्ने वाध्यता छ । २० बर्षको उमेरदेखी भारी बोक्दै आएकी अहिले ४५ बर्षका भए । उमेर बढेकाले होला उनलाई अहिले सानो भारी बोक्दा पनि गाऱ्हो हुन्छ ।

# कर्णालीमा भारी हिमपात.......................

कर्णालीको उच्च पहाडी जिल्लामा अधिकांश बस्ती हिउँले ढाकिएका छन । कालिकोटका लेकाली गाउँमा हिउँ जमेको प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर कार्कीले बताए । त्यस्तै हुम्लाको सिमकोटमा डेड फिट हिँउ जमे पनि उत्तरी क्षेत्रका वस्तीमा तीन फिटभन्दा बढी हिउँ जमेको जिल्ला प्रशासन हुम्लाले बताएको छ ।

हिमपात र अविरल वर्षाका कारण विद्युति आपुर्तीमा समेत समस्या आएको छ । हिमपातसँगै कर्णालीको उच्च भागमा तापक्रम माइनस आठ डिग्री सेल्सियस आएको मौसम विदले जानकारी दिएका छन् । हिमपात भएको ठाउँमा पीउने पानी समेत चिसोले जाम भएको छ । हिमपातले नेपालगन्ज र सुर्खेतबाट जुम्ला, मुगु र हुम्लामा उडान हुने हवाइ सेवा समेत बन्द भएका छन । लामो समयपछि हिमपात र पानी आउदा किसान भने खुसी देखिएका छन् । खडेरी हिउँदे वालीमा निकै संकट ल्याएको थियो । पानी पर्दा किसानलाई राहत भएको जिल्ल कृषि ज्ञान केन्द्रले जनाएको छ । हिमपात र पानीले गरि खाने आसा पलाएको रास्कोट नगरपालिका २ का परि न्यौपानेले बताए ।

# ११ महिला स्वयमसेविकालाई...............

खड्गराज सेजुवालले महिला स्वास्थ्य स्वयमसेविकालाई सक्रिय बनाउन सेवा सुविधा वृद्धि गर्ने तयारी गरिएको बताए । उनले वृद्ध भइसकेका महिला स्वास्थ्य स्वयमसेविकालाई सम्मानसहित बिदाइ गर्ने, शैक्षिक योग्यता न्यूनतम एसएलसी पास गरेकालाई मात्र नयाँ महिला स्वास्थ्य स्वयमसेविका नियुक्ति गर्ने तयारी गरिएको बताए । उनले भने, 'हामी महिला स्वास्थ्य स्वयमसेविकालाई आवश्यक तालिम र मासिक रुपमा सेवा सुविधा दिने गरी बजेटको पनि व्यवस्था गर्न लागेका छौं ।'

# स्थानीय तहमा न्याय सम्पादन..................

किनारा लगाउनुपर्ने र समितिले वार्षिक प्रगति प्रतिवेदनसमेत तयार पार्नुपर्छ । पचालझरना गाउँपालिकाकी उपाध्यक्ष तथा न्यायीक समितिकी संयोजक तारा न्यौपानेले गाउँपालिकामा व्यावहारिक रूपमा अहिले मुद्दाको काम सम्पादन भइरहेको बताइन् ।

महिला हिंसा, झगडा, कुटपिटलगायत घरेलु हिंसा, सम्बन्धविच्छेदजस्ता मुद्दा बढी आउने गरेको र त्यसलाई छलफल र मेलमिलापको हिसाबले मिलाएर पठाउने गरिएको उनको भनाइ छ । 'हामी निर्वाचित भएदेखि नै सक्रिय भएर पीडित नागरिकलाई न्याय दिलाउने काम भएको छ ।' उनले भनिन, 'न्यायिक समिति सञ्चालन कार्यवधि २०७४ अनुसार नै काम सम्पदान भएको छ । ' जिल्लाका अधिकांस स्थानीय तहले न्यायिक समिति गठन गरेर मुद्दाको छिनोफानो गर्नुको सट्टा प्रहरी वा अदालतमा पठाउने गरेका छ ।

**अनुहार हेरेर न्याय**

स्थानीय तहमा निर्वाचित उपप्रमुख राजनीतिक दलबाट निर्वाचित भएकाले अनुहार हेरर न्याय दिने चलन बढेको छ । एक पार्टी निकटको मुद्दा आए अर्को पार्टी निकटले विरोध गर्ने गरेको स्थानीयले दुखेसो गरेका छन् । स्थानीय तहमा न्यायीक समिति गठन भएपछि धेरै मुद्दा जिल्ला प्रहरीमा आउने गरेका छन् ।

**जिल्ला प्रहरीमा धमाधम उजुरी**

गाउँपालिकामा न्याय नमागेर नरहरीनाथ गाउँपालिका( १ गणेशपुर निवासी डिल्ली कामी न्याय माग्न जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका छन् । गाउँमा स्थानीय चने बिष्ट र नरेन्द्र बिष्टले कुटपीट गरे गरेपछि उनि न्याय माग्न जिल्ला प्रहरीमा पुगेका छन् । पीडित डिल्ली कामीले दिएको जाहेरीको आधारमा मुद्धा दर्ता भएको प्रहरीले जानकारी दिएको छ ।

डिल्ली कामी जस्तै सयौ पीडित न्यायीक समितिमा नगएरै जिल्ला सदरमुकामको प्रहरी कार्यालयमा उजुरी दिने गरेका छन् । गाउँपालिकाको न्यायीक समितिमा पीडित डिल्ली कामीले उजुरी नदिएको न्यायीक समितिकी संयोजक मनशोभा बुढाले बताइन् । उपाध्यक्ष बुढाका अनुसार, घटनाको प्रकृति हेरर पीडितलाई न्याय दिने र फैसला गर्ने गरेका छौ । जिल्ला प्रहरी कार्यालयमा आर्थिक वर्ष २०७४/०७५ मा ४८ वटा मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रमुख प्रहरी नायव उपरिक्षक विनोद शर्माले बताए ।

'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा कर्णाली प्रदेशबाट सूचिकरण भएको **www. missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक (ख) बर्गमा वर्गिकृत पत्रिका प्रकाशन भईरहेको छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधैं यहाँको साथमा छौं ।

**हाम्रा विशेषताहरु**

– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्रीउत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

**फोन** : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
**इमेल** : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
MISSION News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

**सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. - ०८७-४४०२४२,** ९८४८०४९४५५,९८६८३१५३५३ , **इमेल** : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com **मुद्रण: ईश्वर अफसेट प्रेस खाँडाचक्र-१, कालिकोट**